गौमुल गाउँपलिका

# स्थानीय राजपत्र

गौमुल गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः ४ मितिः २०८१/१२/१४

## भाग-२

## गौमुल गाउँपालिका

# गौमुल गाउँपालिका जेष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०८१

# जेष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०८१

**प्रस्तावना :** ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्धारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गर्न समाजका जेष्ठ नागरिकलाई परिचय-पत्र प्रदान गर्न वाञ्छनीय रहेकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गौमुल गाउँकार्यपलिकाको मिति २०८१/१२/१३ को बैठकले यो कार्यविधि पारित गरी लागू गरेको छ।

## परिच्छेद - १

**१. सक्षिप्त नाम र प्रारम्भः-** यो कार्यविधिको नाम "जेष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०८१" रहेको छ।

**२. परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

**क. "कार्यालय"** भन्नाले गौमुल गाउँपालिकाको कार्यालय सम्झनुपर्छ।

**ख. "शाखा"** भन्नाले गौमुल गाउँकार्यपालिकाको कार्यालय अन्तर्गतको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा सम्झनुपर्छ।

**ग. "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत कर्मचारी बुझ्नुपर्छ।

**घ. "मन्त्रालय"** भन्नाले महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ।

**ङ. "वडा कार्यालय"** भन्नाले गाउँपालिका अन्तर्गतका वडा कार्यालय सम्झनुपर्छ।

**च. "गाउँपालिका"** भन्नाले गौमुलगाउँपालिका सम्झनुपर्छ।

## परिच्छेद - २

### परिचय-पत्र वितरणका आधार

३. नेपालको संविधान, २०७२को धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय-पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन्।

## परिच्छेद - ३

## उद्देश्य

(४) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने । उक्त लगत राख्ने कार्यमा एकरुपताका लागि अनुसूचि-४ को ढाँचामा लगत राख्ने ।

५) नेपालको संविधानले प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित तथा ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन सार्वजनिक कार्य, स्वास्थ्य सेवा, तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

६) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

## परिच्छेद - ४

## ज्येष्ठ नागरिकको वर्गीकरण

७) ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छ ।

(क) साठी वर्ष पूरा गरी सत्तरी वर्ष उमेर पूरा नगरेका ज्येष्ठ नागरिक ।

(ख) ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसार साठी वर्ष उमेर पूरा गरेका सबै नेपाली नागरिकहरु ।

(ग) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक ।

(घ) असाह्य ज्येष्ठ नागरिक ।

(ङ) अशक्त ज्येष्ठ नागरिक ।

(च) एकल ज्येष्ठ नागरिक ।

## परिच्छेद - ५

## परिचय-पत्र वितरणका मापदण्ड

८) **निवेदन दिनुपर्ने :-** जेष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्नका लागि अनूसूची -१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

९) ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पूरा भएका नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

१०) परिचय पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची-२ बमोजिम हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ । उक्त परिचय-पत्र एकातर्फ नेपाली भाषामा र पछाडीपट्टी अंग्रेजी भाषामा समेत हुनेछ ।

## परिच्छेद - ६

## परिचय-पत्र वितरण प्रक्रिया

(११) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।

(१२) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र तीन (३) प्रति पासपोर्ट साईजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिताको प्रमाण-पत्रलाई आधार मानिनेछ ।

(१३) ज्येष्ठ नागरिक परिचय-पत्र गाउँपलिकाको कार्यालय मार्फत प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीद्वारा प्रदान गरिने छ ।

(१४) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको Software/Computerized गरी अनुसूची-३ बमोजिमको ढाँचामा राखी वडा तथा गाउँपालिका कार्यालय मार्फत वार्षिक रुपमा सम्बन्धित प्रदेश र संघको मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(१५) ज्येष्ठ नागरिक परिचय-पत्र प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सफारिस सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेश गर्नुपर्नेछ ।

(१६) यस गाउँपालिका बाहेक अन्य स्थानको नेपाली नागरिकताको प्रमाणपत्र भएमा अनिवार्य रुपमा निजले बसाई-सराई वा मतदाता परिचयपत्र पेश गर्नुपर्नेछ ।

## परिच्छेद - ७

## खारेजी र बचाउ

१७) यस पूर्व महिला तथा बालबालिका कार्यालय, गाउँ कार्यपालिकाको कार्यालयबाट वितरण भएका जेष्ठ नागरिक परिचय-पत्र वितरण यसै बमोजिम भएको मानिने छ ।

## परिच्छेद - ८

## विविध

१८) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धी अन्य कुराहरु गौमुल गाउँकार्यपालिका आफैले निर्धारण गर्नेछ ।

१९) गाउँकार्यपालिकालाई उचित लागेमा कार्यपालिकाका ज्येष्ठ सदस्यको संयोजकत्वमा कार्यविधिले तोके बमोजिमका सदस्य रहने गरी एक ज्येष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ ।

२०) जेष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक प्रचलित कानूनको अधीनमा रही प्रमुख प्रशासकिय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

**अनुसूची १**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

गौमुलगाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

घट्मुना, बाजुरा ।

फोटो

मिति :२० / /

विषय : जेष्ठ नागरिक परिचय-पत्र पाउँ ।

उपर्युक्त सम्बन्धमा गौमुलगाउँपालिकाको जेष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०८० को परिच्छेद-५, नियम ८ अनुसूची-२ अनुसारको परिचय-पत्र पाउनको लागि निम्न बमोजिमको विवरण सहित अनुरोध गर्दछु ।

निवेदक

नाम, थर :

हस्ताक्षर :

**१. ज्येष्ठ नागरिकको व्यक्तिगत विवरण :**

(क) ज्येष्ठ नागरिकको नाम, थर :

(ख) बाबु/आमाको नाम :

(ग) जन्म मिति र स्थान :

(घ) ठेगाना :

(अ) स्थायी ठेगाना : जिल्ला.............गा.पा.........................वडा नं.........
टोल/गाउँ..................फोन नं.........................इमेल........................

(आ) अस्थायी ठेगाना : जिल्ला................गा.पा.............वडा नं............
टोल/गाउँ..................फोन नं..................इमेल...........................

(ङ) लिङ्ग :

(च) स्वास्थ्य सम्बन्धी विवरण (कुनै विशेष रोग वा अपाङ्गता भए खुलाउने)…………

(छ) नागरिकता……………………

**२. वर्गीकरणः-**

(क) सत्तरी वर्ष उमेर पुरा नगरेका ज्येष्ठ नागरिक

(ख) सत्तरी वर्ष उमेर पुरा गरेका वरिष्ठ ज्येष्ठ नागरिक

(ग) असहाय ज्येष्ठ नागरिक

(घ) अशक्त ज्येष्ठ नागरिक

(ङ) एकल ज्येष्ठ नागरिक

**३. ज्येष्ठ नागरिकको परिवार सम्बन्धी विवरण :**

(क) पति/पत्नीको नाम,थर :

(ख) सगोलका छोरा, बुहारी, छोरी, नाती, नातिनीको नाम, थर र ठेगानाः

(ग) छुट्टिइ भिन्न बसेका छोरा, बुहारी, छोरी, नाती, नातिनीको नाम, थर र ठेगाना :

**४. ज्येष्ठ नागरिकको शैक्षिक योग्यता र पेशागत दक्षता :**

(क) शैक्षिक योग्यता…………………………

(ख) पेशागत दक्षता……………………

(ग) अनुभवको क्षेत्र………………………

**५. ज्येष्ठ नागरिकको सम्पत्ति विवरण :**

(क) चल सम्पत्ति :

(ख) अचल सम्पत्ति :

प्रमाणित गर्नेको नाम, थर :

पद :

निकाय :

**अनुसूची - २**

गौमुलगाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घट्मुना, बाजुरा

फोटो

**ज्येष्ठ नागरिक परिचय-पत्र**

नाम, थर : ..........................................................

ठेगानाः जिल्ला : ........................ गा.पा/न.पाः.............................. वडा नं :.................
टोल/गाउँ :................. उमेर :................. .लिङ्ग :.........................

उपलब्ध छुट तथा सुविधाहरु :........................................................

पति/पत्नीको नाम : ...................................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण : .........................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना मोबाइल नं.:
...................................................................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधीको नाम :
...................................................................................................

प्रमाणित गर्ने अधिकृतको दस्तखतः

नाम, थरः

पदः

कार्यालयः

Annex- 2

Baganaskali Municipality

Office of the Municipal Executive

Chirtungdhara, Palpa

Lumbini Province, Nepal

Photo

**Senior Citizenship Card**

Card No......................

Name............................ Nationality…………………..

Citizenship No...........................

Address: Province............. District.................

Municipality ward No…………..Tole/Village...............

Age……… Sex.................. Date of birth................

Available Service...........................

Name of Wife/Husband.....................................

Name of caretaker, Contact No ...........................

Blood Group.............Diseases Name....................

Name of drugs...........................

Approved by:-

Signature:-

Name:-

Designation:-

Office:

**अनुसूची-३**

**गौमुल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**घट्मुना, बाजुरा**

**ज्येष्ठ नागरिक परिचय-पत्रवाहकको अभिलेख**

| सि.न. | नाम थर | परिचिय पत्र न. | ठेगाना | जन्म मिमित | उमेर | ना.प्र.न. जारी तिति र जिल्ला | बैवाहिक स्थिती | फोटो | परचिय पत्र जारी मिति | परचियपत्र जारी गर्ने अधिकारीको नाम थर र पद | संरक्षकको नाम थर नाता र सम्पर्क नं | परचियपत्र बुझ्ीलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |